## विहादी गाउँ कार्यपालिकाको मिति २०८३ साल असार ०९ गतेको निर्णय प्रमाणित

**निर्णय नं १ :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २२ बमोजिमको लेखा समिति गठन नभएकोले विहादी गाउँपालिकाको अन्तिम लेखापरिक्षण गर्दा औंल्याईएका बेरुजु रकमहरुको सम्बन्धमा कार्यपालिकामा छलफल गरियो । अनियमित बेरुजु मध्ये नियमानुसार नियमित गर्न सकिने जम्मा बेरुजु रकम रु २,१८,३९,३३९.५ अक्षेरुपी दुई करोड अठार लाख उनान्चालीस हजार तीन सय उनान्चालीस रुपैयाँ पचासपैसा सम्परिक्षणको लागि पेश गर्ने प्रयोजनार्थ आगामी १९ औं गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. २ :** बैजनाथ गाउँपालिका १ नं. वडा बाँके निवासी पुजन रेग्मीको शब्द, विहादी गाउँपालिका ४, पर्वत निवासी युवराज भुसाल र लक्ष्मी नेपालीको स्वर तथा युवराज भुसालको संगीतमा तयार पारिएको विहादी गाउँपालिकाको पालिका गान स्वीकृत गर्ने निर्णय गरियो । पालिका गान उत्पादन, रेकर्ड वापतको रकम रु ५९८९०/- अक्षेरुपी उनान्साठी हजार आठ सय नब्बे रुपैयाँ बरदान डिजिटल प्रा.लि., अनामनगर, काठमाण्डौलाई गाउँपालिकाको पालिका गान र पालिका लोगो निर्माण शिर्षकबाट भूक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. ३ :** विहादी गाउँपालिकामा स्वास्थ्य संस्था दर्ता, अनुमति तथा नविकरण सम्बन्धि निर्देशिका २०८३ स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४ :** भूमि प्रशासन कार्यालय, पर्वतको च.नं. १७२६, मिति २०८३।०२।२६ गतेको प्राप्त पत्रानुसार आगामी आर्थिक वर्ष २०८३।०८४ को रजिष्ट्रेशन लिखतमा न्युनतम थैलि अंक कायम गर्ने प्रयोजनार्थ विहादी गाउँपालिकाको भू-उपयोग क्षेत्र वर्गीकरण समेतको आधारमा विहादी गाउँपालिका क्षेत्रभित्रका जग्गाहरुको प्रतिरोपनी न्युनतम मुल्य कायम गरियो ।

**निर्णय नं ५ :** आर्थिक सहायताका लागि विहादी गाउँपालिकामा निवेदन पेश गरेका देहाय बमोजिमका व्यक्तिहरुलाई देहाय बमोजिमको रकम भूक्तानी गर्ने निर्णय गरियो ।

| क्र स | भूक्तानी पाउनेको नाम | ठेगाना | भूक्तानी गर्ने रकम रु | कैफियत |
|---|---|---|---|---|
| १ | लेखमाया ढुंगाना भुसाल | विहादी ५ | ३०००० | आर्थिक सहायता शिर्षकबाट |
| २ | मुक्ती बहादुर विश्वकर्मा | विहादी १ | २०००० | आर्थिक सहायता शिर्षकबाट |
| ३ | चित्र बहादुर गुरुङ | विहादी ४ | २०००० | आर्थिक सहायता शिर्षकबाट |
| ४ | पम्फा गुरुङ | विहादी १ | १५००० | आर्थिक सहायता शिर्षकबाट |

**निर्णय नं ६ :** विहादी गाउँपालिकाको कृषि विकास शाखाको बजेट तथा कार्यक्रम अनुसार धान दिवस कार्यक्रम शिर्षकबाट खर्च हुने गरि २०८३।०३।१५ गते विहादी गाउँपालिका १ नं वडा बाच्छामा धान दिवस कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो ।

**निर्णय नं ७ :** विहादी गाउँपालिका १ नं वडा बाच्छाको च नं ८७६ मिति २०८३।०३।०८ गतेको पत्रानुसार वडा कार्यालय भवन उद्घाटनको लागि उपाध्यक्षमार्फत विनियोजन हुने मागमा आधारित विविध कार्यक्रम शिर्षकबाट रु ५००००/- विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं ८ :** विहादी गाउँपालिका २ नं वडा बर्राचौरमा रहेको श्री आम्बारी माध्यमिक विद्यालयको लागि चालु आ व २०८२।०८३ मा सञ्चालन हुने गरि विद्यालयमा सूचना तथा सञ्चार प्रविधि शिर्षकको कार्यक्रम सञ्चालनको लागि छनौट गर्ने निर्णय गरियो ।

विहादी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय वहाकीठाँटी, पर्वत गण्डकी प्रदेश, नेपाल २०७३

थमन बहादुर रेश्मी
प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं ९ :** विहादी गाउँपालिका ४ नं वडा वहाकीठाँटी स्थित लामाखर्कमा रहेको गणेश मन्दिर निर्माण तथा व्यवस्थापन शिर्षकमा गाउँपालिकाको पर्यटन पुर्वाधार निर्माण शिर्षकबाट प्राविधिक मुल्यांकन अनुसारको रकम भूक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं १० :** स्थानीय कच्चा पदार्थबाट उत्पादन हुने परम्परागत पेय पदार्थको व्यवस्थित उत्पादन, प्रशोधन, नियमन तथा बजारीकरणको लागि तयार गरिएको स्थानीय पेय पदार्थको उत्पादनलाई नियमन तथा व्यवस्थापन गर्न बनेको विधेयक २०८३ आगमी १९ औँ गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ११ :** विहादी गाउँ कार्यपालिकाको कार्यालयमा जडान गरिएको सोलार / ईन्भर्टरमा प्रयोग गरिएका ब्याट्रि विष्फोटका कारण कार्यालयको नियमित कार्यसम्पादनमा समस्या भएकोले चालु आर्थिक वर्ष २०८२।०८३ को समपुरक कोषबाट ६०००००/- बराबरको सोलार / ईन्भर्टर ब्याट्रि खरिद गर्ने आगमी गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं १२ :** चालु आर्थिक वर्ष २०८२।०८३ मा स्रोतमा रकम अभावका कारण भूक्तानी हुन बाँकी रहेका देहाय बमोजिमका विवरणहरु आगमी आर्थिक वर्षमा फिर्ता तथा दाखिला गर्न बाँकी रहेका अनुदान तथा राजश्व र दायित्व भुक्तानी बाँकी शिर्षकबाट भूक्तानीको लागि आगामी १९ औँ गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

देहाय :

| क्र.स. | भुक्तानी पाउनेको नाम | प्रयोजन / वापत | रकम |
|---|---|---|---|
| १ | नेपाल इन्बेल्म् ग्रुप अप कम्पनिज प्रा.लि. | BAB 0179 मर्मत | ९९८९२/- |
| २ | नेपाल इम्बेल्म् ग्रुप अफ कम्पनिज प्रा.लि. | 110-02 झ 7367 मर्मत | ९९८३५/- |
| ३ | राजु खाजा घर | पानी तथा विविध खर्च | १५००००/- |
| ४ | मिलन खाजा घर | विविध खर्च | ६०४१५/- |
| ५ | मनकामना फोटो एण्ड स्टेशनरी सेन्टर | मसलन्द सामाग्री | ४४२३९/- |
| | | **जम्मा** | **४५४३८१/-** |

**निर्णय नं १३ :** विहादी गाउँपालिकाको आगामी आर्थिक वर्ष २०८३।०८४ को वार्षिक बजेट तथा कार्यक्रमको सम्बन्धमा गाउँपालिका तथा विषयगत शाखाको बजेट र गाउँपालिकाका वडा कार्यालयहरुलाई उपलब्ध गराईएको बजेट सिलिङको आधारमा ६ वटै वडाको वडा समितिको निर्णयानुसार पेश भई आएका योजना तथा कार्यक्रमहरु स्वीकृतिको लागि आगामी १९ औँ गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

विहादी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय वहाकीठाँटी, पर्वत गण्डकी प्रदेश, नेपाल २०७३

थमन बहादुर रेश्मी
प्रमुख प्रशासकीय अधिकृत
प्रमाणिकरण मिति : २०८३।०३।११

थमन बहादुर रेश्मी
प्रमुख प्रशासकीय अधिकृत